सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतका खर्च केन्द्र(कार्यालय) हरूको पूंजिगत तर्फको बजेट खर्च(वित्तीय प्रगति) अवस्था तलको तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय सुर्खेत | १४१५८० | १७,१६१ | १२ |
| प्रदेश खेलकूद परिषद | ५९०० | ४,६३८ | ७९ |

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| सामाजिक विकास कार्यालय रुकुम | २६७०० | १५,५३६ | ५८ |
| सामाजिक विकास कार्यालय सल्यान | ५५४०० | २७,४७३ | ५० |
| सामाजिक विकास कार्यालय डोल्पा | ३०९६० | ३०,९६० | १०० |
| सामाजिक विकास कार्यालय जुम्ला | ६७५२३ | ५५,९८५ | ८३ |
| सामाजिक विकास कार्यालय मुगु | ४८४२१ | २९,२०७ | ६० |
| सामाजिक विकास कार्यालय हुम्ला | ५१५०० | ४९,४७४ | ९६ |
| सामाजिक विकास कार्यालय कालिकोट, | ३७५२० | २०,५०१ | ५५ |
| सामाजिक विकास कार्यालय जाजरकोट, | २४४०० | १६,३६५ | ६७ |
| सामाजिक विकास कार्यालय दैलेख | ९०६५६ | ७६,९९८ | ८५ |
| शिक्षा निर्देशनालय सुर्खेत | ११८५८० | ८०,५८८ | ६८ |
| स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत | ४६८०० | १७,२१५ | ३७ |
| प्रदेश अस्पताल, वीरेन्द्रनगर,, सुर्खेत | ४७७६४६ | २९७,६६८ | ६२ |
| मेहलकुना अस्पताल, गुर्भाकोट, सुर्खेत | ११८०० | ६,९११ | ५९ |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | ४६१८० | ११,१०६ | २४ |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | ४०७४० | ३,०५५ | ८ |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | ११४५१० | १०,५६६ | ९ |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | ३५०० | ३,२३६ | ९२ |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | ९९४० | ७,०७८ | ७१ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ४०८०० | ८,४१५ | २१ |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | २५४५० | १८,६८४ | ७३ |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | १०७०० | ३,९११ | ३७ |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | ३९०५० | ३६,८६७ | ९४ |
| जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | ५५५० | ६,११० | ११० |
| प्रदेश आयुर्वेद औषधालय सुर्खेत | १४००० | ७,२६१ | ५२ |
| मानव संसाधन विकास केन्द्र, सुर्खेत | १०२५० | ५,२९० | ५२ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय, सुर्खेत | १०८५० | ३,८२८ | ३५ |
| शहिद यज्ञश्वर स्मृति पोलि. इन्स्टिच्युट | २७२०० | २८,७३६ | १०६ |
| शहिद नेत्रलाल अभागी प्राविधिक विद्यालय | १७७०० | १९,००९ | १०७ |
| कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | ७५८० | ७,११६ | ९४ |
| बहुप्राविधिक विद्यालय, जाजरकोट | १२५० | १,३८३ | १११ |
| प्रा.शिक्षा तथा व्य. तालिम परिषद, सुर्खेत | ११२९०४ | ९२,९९६ | ८२ |
| स्थानीय तह | १४७५२० | १३२,३४३ | ९० |
| **जम्मा** | **१९२१०६०** | **११५३६७२** | **६०** |

स्रोतः PLMBIS

पूंजिगत तर्फको बजेटमा खर्च प्रगति हेर्दा सबै भन्दा बढी बहुप्राविधिक विद्यालय जाजरकोट, जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत, नेत्रलाल अभागी प्राविधिक विद्यालय सल्यान, यज्ञश्वर स्मृति पोलिटेक्निक इन्स्टिच्युट रूकुम र सामाजिक विकास कार्यालय डोल्पाको करिब शत प्रतिशत देखिन्छ भने सबैभन्दा कम स्वास्थ्य सेवा कार्यालय सल्यानको मन्त्रालयको ७ प्रतिशत देखिन्छ । जन/स्वास्थ्य सेवा

कार्यालयहरू तर्फ सबै भन्दा बढी स्वास्थ्य सेवा कार्यालय सुर्खेतको १०० प्रतिशत देखिन्छ भने सबैभन्दा स्वास्थ्य सेवा कार्यालय डोल्पाको ९ प्रतिशत, सामाजिक विकास कार्यालयहरू तर्फ सबै भन्दा बढी सामाजिक विकास कार्यालय डोल्पाको करिब शत प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास कार्यालय सल्यानको को ७ प्रतिशत प्रगति रहेको छ ।




स्रोतः PLMBIS

### (च) कार्यालयगत जम्मा बजेट र खर्च

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतका खर्च केन्द्र(कार्यालय) हरूको चालु र पाजिगत गरी जम्मा बजेट खर्च (वित्तीय प्रगति) अवस्था तलको तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय सुर्खेत | ३३५९०२ | ११३३१८ | ३४ |
| प्रदेश खेलकूद परिषद | ११९३२ | ८९५५ | ७५ |

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| सामाजिक विकास कार्यालय रुकुम | ५१५२३ | ३२६३५ | ६३ |
| सामाजिक विकास कार्यालय सल्यान | ८८४५६ | ४१४५६ | ४७ |
| सामाजिक विकास कार्यालय डोल्पा | ५६८१० | ५१३४९ | ९० |
| सामाजिक विकास कार्यालय जुम्ला | ९३०९९ | ७५९३२ | ८२ |
| सामाजिक विकास कार्यालय मुगु | ७५१५० | ४७१५० | ६३ |
| सामाजिक विकास कार्यालय हुम्ला | ७८७०० | ७१९११ | ९१ |
| सामाजिक विकास कार्यालय कालिकोट, | ६४३६८ | ३८७८८ | ६० |
| सामाजिक विकास कार्यालय जाजरकोट, | ५२४७० | ३९०१६ | ७४ |
| सामाजिक विकास कार्यालय दैलेख | १२५१२० | १०२६०४ | ८२ |
| शिक्षा निर्देशनालय सुर्खेत | २४७५२५ | १३८३२५ | ५६ |
| स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत | ३९०२४९ | २२३२१० | ५७ |
| प्रदेश अस्पताल, वीरेन्द्रनगर,, सुर्खेत | ९२६३७६ | ६०१७५० | ६५ |
| मेहलकुना अस्पताल, गुर्भाकोट, सुर्खेत | ७३३६४ | ६०७९७ | ८३ |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | २०८३०० | १३८४२८ | ६६ |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | २१२६५२ | १४८५६६ | ७० |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | २७६२४७ | १०४१९२ | ३८ |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | १२२१०१ | ९१३५२ | ७५ |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | १५६०५१ | १३५४१४ | ८७ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | २२०६३२ | १४०२२० | ६४ |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | १८३८०८ | १५६८०२ | ८५ |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | २०४१६७ | १६२०२४ | ७९ |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | २६४०६९ | २१७८४२ | ८२ |
| जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | १४३२९८ | १००१०३ | ७० |
| प्रदेश आयुर्वेद औषधालय सुर्खेत | ५०५०० | ४२२८४ | ८४ |
| मानव संसाधन विकास केन्द्र, सुर्खेत | २२४९३४ | ७७२६६ | ३४ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय, सुर्खेत | २६७५३ | १२०७२ | ४५ |
| शहिद यज्ञश्वर स्मृति पोलि. इन्स्टिच्युट | ३८०३६ | ३७१२१ | ९८ |
| शहिद नेत्रलाल अभागी प्राविधिक विद्यालय | ३७३३६ | ३३१३२ | ८९ |
| कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | ७७३३१ | ५५२८१ | ७१ |
| बहुप्राविधिक विद्यालय, जाजरकोट | ८५८४ | ५०५७ | ५९ |
| प्रा.शिक्षा तथा ब्य. तालिम परिषद, सुर्खेत | २७१४१३ | १९५१२० | ७२ |
| स्थानीय तह | ३२७६७६ | ३०२४५७ | ९२ |
| **जम्मा** | **५७२४९३२** | **३८०१९२८** | **६६** |

स्रोतः PLMBIS

जम्मा बजेटमा खर्च प्रगति हेर्दा सबै भन्दा बढी शहिद यज्ञश्वर स्मृति पोलिटेक्निक इन्स्टिच्युट रूकुमको ९८ प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास मन्त्रालयको ३४ प्रतिशत देखिन्छ । जन/स्वास्थ्य सेवा कार्यालयहरू तर्फ सबै भन्दा बढी स्वास्थ्य सेवा कार्यालय मुगुको ८७ प्रतिशत देखिन्छ भने सबैभन्दा कम डोल्पाको ३८ प्रतिशत, सामाजिक विकास कार्यालयहरू तर्फ सबै भन्दा बढी

सामाजिक विकास कार्यालय हुम्लाको ९० प्रतिशत र सबैभन्दा कम सामाजिक विकास कार्यालय सल्यानको ४७ प्रतिशत रहेको देखिन्छ ।




स्रोतः PLMBIS

## अपेक्षित वित्तीय प्रगति हुन नसक्नुका कारण

मन्त्रालयको समग्र वित्तीय प्रगति अपेक्षा गरे अनुसार हुन नसक्नुका प्रमुख कारणहरू यस प्रकार रहेका छन्

- मन्त्रालय वा अन्तर्गत रहेका कूल १०७० कर्मचारी दरबन्दीहरूमध्ये करार सहित ६९१ (६४.५७ प्रतिशत) मात्र पुर्ति भै अधिकांश दरबन्दी रिक्त रहनुको कारण जनशक्ति अभाव भै अपेक्षित रूपमा काम हुन नसकेको

- अधिकांश कार्यक्रम/कृयाकलापहरू तेस्रो चौमासिक अवधि (चैत्र पछि) हुने तर तेसो चौमासिक अवधिमा कोभिड-१९ को कारण बन्दाबन्दी भै सो रोग नियन्त्रण प्रतिकार्य बाहेक अन्य कार्यक्रम/कृयाकलापहरू सञ्चालन गर्न सहज अवस्था नभएको
- आर्थिक वर्षको अन्त्यमा थप प्राप्त भएको केही बजेट रकम खर्च हुन नसक्नु

## कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यः मुख्य कृयाकलाप, बजेट र खर्च

### कोभिड १९ व्यवस्थापनको सन्दर्भमा सम्पादन भएका मुख्य कामहरू

आ.व २०७७।७८ मा नोबेल कोरोना भाइरस (कोभिड-१९) को जोखिमको अवस्थालाइ मध्यनजर राख्दै कर्णाली प्रदेशमा पनि रोकथाम, नियन्त्रण र उपचारका पर्याप्त गतिविधिहरू सञ्चालन गरीएको थियो । संघीय बिपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन र कर्णाली प्रदेश बिपद् न्यूनिकरण एवं ब्यवस्थापन नियमावली २०७६ अनुसार यसको प्रतिकार्य नियन्त्रण र उपचारको लागि आवश्यक ब्यवस्थापन गर्ने सन्दर्भमा प्रदेश सरकारको सक्रियतामा प्रारम्भिक अवस्था देखी सरोकारवालाहरू र स्थानीय तहहरूको समन्वयमा समुदाय स्तरसम्म नियन्त्रण तथा प्रतिकार्यका लागि विभिन्न पहलहरू भएका थिए । कोभिड-१९ ब्यवस्थापनको लागि सम्पादन भएका प्रमुख गतिविधिहरू यस प्रकार रहेका छन्-

- **बजेट व्यवस्थापनः** कोभिड-१९ महामारीको प्रतिकार्य व्यवस्थापनका लागि मन्त्रालय र मातहत निकाय (१६ वटा) हरुलाई रु. ८३ करोड ५६ लाख ८० हजार र कोभिड-१९ प्रतिकार्य तथा स्वास्थ्य सेवा सुदृढीकरणका लागि ४४ वटा स्थानीय तहहरुलाई रु. १५ करोड ५८ लाख २० हजार बजेट उपलब्ध गराइएको ।

- **होल्डिङ सेन्टरः** ३ वटा स्थानीय तहहरु (पन्चपुरी नपा, कपुरकोट गापा र डोल्पोबुद्ध गापा) लाई होल्डिङ सेन्टर एवं हेल्थ डेस्क र अन्य सामग्री व्यवस्थापनका लागि क्रमशः ७० लाख, ५० लाख र ३० लाख रकम उपलब्ध गराई भौतिक पूर्वाधार तयार भएको र साझेदारीमा संचालनको व्यवस्था हुँदै ।

- **एम्बुलेन्स व्यवस्थापनः** विभिन्न १६ वटा स्थानीय तहहरु (चौकुने गापा, वनगाड कुपिन्डे नपा, त्रिवेणी गापा (सल्यान), तिला गापा, गुठिचौर गापा, तातोपानी गापा, रास्कोट नपा, तिलागुफा नपा, सान्नित्रिवेणी गापा, नरहरिनाथ गापा, पलाँता गापा, ताँजाकोट गापा, सर्केगाड गापा, चंखेली गापा, अदानचुली गापा र मुड्केचुला गापा) लाई पालिकाको अनिवार्य ३० प्रतिशत लागत साझेदारी हुने गरी एम्बुलेन्स खरिदको लागि प्रति स्थानीय तह रु. ७ लाख ७० हजार र एम्बुलेन्स परिचालन तथा व्यवस्थापनको लागि प्रति स्थानीय तह रु. २ लाख रकम उपलब्ध गराई १४ वटा स्थानीय तहमा संचालनको व्यवस्थापन हुँदै ।(तिला गापा र अदानचुली गापा बाहेक)

- **भेन्टिलेटर र आइ.सि.यु.:** विभिन्न ११ वटा स्थानीय तहहरु (दुल्लु नपा, छेडागाड नपा, आठबिसकोट नपा, तिला गापा, ताँजाकोट गापा, सर्केगाड गापा, नाम्खा गापा, चंखेली गापा, अदानचुली गापा, खत्याड गापा र मुगुम कार्मारोङ गापा) लाई अस्पतालहरुको लागि भेन्टिलेटर र आइ.सि.यु. खरिद गर्न प्रति स्थानीय तह रु. १० लाख देखि २५ लाख रकम उपलब्ध गराई संचालनको व्यवस्थापन हुँदै ।

- **कोरोना परीक्षण, क्वारेन्टिन व्यवस्थापन, आइसोलेसन कक्ष र कोभिड-१९ नियन्त्रण र रोकथामका लागि जनशक्ति व्यवस्थापन समेतः** विभिन्न १९ वटा स्थानीय तहहरु (दुल्लु नपा, वनगाड कुपिन्डे नपा, बागचौर नपा, चौरजहारी नपा, सिंजा गापा, रास्कोट नपा, तिलागुफा नपा, पचालझरना गापा, नरहरिनाथ गापा, पलाँता गापा, ताँजाकोट गापा, सर्केगाड गापा, नाम्खा गापा, चंखेली गापा, अदानचुली गापा, खत्याड गापा, मुगुम कार्मारोङ गापा, मुड्केचुला गापा र डोल्पो बुद्ध गापा) लाई कोरोना परीक्षण, क्वारेन्टिन व्यवस्थापन, आइसोलेसन कक्ष र कोभिड-१९ नियन्त्रण र रोकथामका लागि जनशक्ति व्यवस्थापन समेतका लागि प्रति स्थानीय तह रु. १० लाख देखि ५० लाख रकम उपलब्ध गराई व्यवस्थापन भएको ।
- **कोभिड-१९ नियन्त्रण एवं प्रतिकार्यका लागि आवश्यक सामग्री एवं औषधि व्यवस्थापनः** विभिन्न १३ वटा स्थानीय तहहरु (भेरीगंगा नपा, चिङ्गाड गापा, पन्चपुरी नपा, बराहताल गापा, दुल्लु नपा, डुंगेश्वर गापा, बारेकोट गापा, कुशे गापा, छत्रेश्वरी गापा, सिंजा गापा, कनकासुन्दरी गापा, खार्पुनाथ गापा र सोरु गापा) लाई कोभिड-१९ नियन्त्रण एवं प्रतिकार्यका लागि आवश्यक सामग्री एवं औषधि व्यवस्थापनका लागि जम्मा रु. ९५ लाख विनियोजन गरिएको छ ।जसमध्ये प्रति स्थानीय तह रु. ५ लाख देखि १० लाख रकम उपलब्ध गराई व्यवस्थापन भएको ।
- वीरेन्द्रनगर नगरपालिकालाई **अक्सिजन प्लाण्ट स्थापना**को लागि रु. ६५ लाख, **कोभिड-१९ आइसोलेसन अस्पताल सञ्चालन तथा व्यवस्थापन**को लागि रु. १५ लाख र **कोभिड-१९ संक्रमित मृतकको शव व्यवस्थापन**को लागि रु. ५ लाख रकम उपलब्ध गराई व्यवस्थापन भएको ।
- चौरजहारी नगरपालिकालाई **चौरजहारी अस्पतालको लागि अक्सिजन ग्याँस/सिलिन्डर व्यवस्थापन**का लागि रु. १ करोड, **जनशक्ति सहित पिसिआर ल्याब व्यवस्थापन**का लागि रु. १० लाख, **मास्क स्यानिटाइजर लगायत कोभिड-१९ सुरक्षा सामग्री**का लागि रु. ५ लाख, **आइसोलेसन संचालन गर्न आवश्यक सामग्री तथा खाना खर्च**को लागि रु. ७ लाख, **एम्बुलेन्स संचालन तथा प्रेषण व्यवस्थापन**का लागि रु. ४ लाख र **कोभिड-१९ का लागि थप जनशक्ति व्यवस्थापन**का लागि रु. ५ लाख रकम उपलब्ध गराई व्यवस्थापन भएको छ ।
- रास्कोट नगरपालिकालाई **कोभिड-१९ प्रतिकार्यका लागि अक्सिजन सिलिन्डर, कन्सन्ट्रेटर, आइसियु लगायतका सामग्री**को लागि रु. २० लाख र **मास्क स्यानिटाइजर लगायत कोभिड-१९ सुरक्षा सामग्री**का लागि रु. ५ लाख रकम उपलब्ध गराई व्यवस्थापन भएको छ ।
- **जनशक्ति व्यवस्थापनः** कोभिड-१९ रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई लक्षित गरी कर्णाली प्रदेशको स्वीकृत दरबन्दीमा स्वास्थ्यकर्मीहरु करिब दुई तिहाई रिक्त रहेको सन्दर्भमा चालु आ.व. २०७७/७८ मा अत्यावश्यक जनशक्ति व्यवस्थापनको लागि करार सेवामा सामुदायिक नर्स १७६ जना, कोभिड स्वास्थ्यकर्मी ५८ जना र दरबन्दी करार तर्फ चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी १८३ जना परिचालन गरिएको ।
- **High Dependency Unit (HDU):** नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, प्रदेश अस्पताल सुर्खेत, स्वास्थ्य सेवा कार्यालय जाजरकोट

(जाजरकोट अस्पताल), स्वास्थ्य सेवा कार्यालय दैलेख (दैलेखअस्पताल), स्वास्थ्य सेवा कार्यालय कालिकोट (कालिकोट अस्पताल) र स्वास्थ्य सेवा कार्यालय हुम्ला (हुम्ला अस्पताल) हरुमा २५/२५ बेडका गरी जम्मा १५० बेड High Dependency Unit (HDU) स्थापनाका लागि खरिद प्रक्रियाको क्रममा रहेको छ । प्रदेश अस्पताल सुर्खेतका लागि थप ५० बेडको HDU स्थापनाका लागि बजेट सुनिश्चितता प्राप्त भएको ।

- विभिन्न संघ-संस्थाहरुबाट स्वास्थ्य सुरक्षा, परीक्षण तथा अक्सिजन कन्सन्ट्रेटर लगायत उपचार व्यवस्थापन सम्बन्धी सामग्रीहरु प्राप्त भई यस मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय मार्फत सोको व्यवस्थापनको लागि मातहत कार्यालयहरु तथा स्थानीय तहमा वितरण गरिएको ।
- कोभिड-१९ आकस्मिक प्रतिकार्य योजना, मनसुन प्रतिकार्य योजना, स्वास्थ्य सेवामा पहुँच नपुगेकालाई पहुँच पुर्‍याउने रणनीति र स्वास्थ्य पार्श्वचित्र तयार भएको ।
- **आधारभूत अस्पताल निर्माण सहयोगः** विभिन्न ३ वटा स्थानीय तहहरु (दार्मा गापा, पचालझरना गापा र खत्याड गापा) मा रणनैतिक स्थानमा आधारभूत अस्पताल निर्माण सहयोगका लागि प्रति स्थानीय तह रु. ५० लाख रकम उपलब्ध गराई पूर्वाधार तयार हुँदै ।
- **रणनैतिक अस्पतालमा X-ray, portable ultrasound, ECG:** विभिन्न ५ वटा स्थानीय तहहरु (चौकुने गापा, नलगाड नपा, सिंजा गापा, तिलागुफा नपा र पचालझरना गापा) मा रणनैतिक अस्पतालमा X-ray, portable ultrasound, ECG खरिदका लागि प्रति स्थानीय तह रु. ५ लाख देखि ५० लाख उपलब्ध गराई संचालनको व्यवस्थापन हुँदै ।
- **स्वास्थ्य सम्बन्धी उपकरण तथा मेशिनरी औजारः** विभिन्न १६ वटा स्थानीय तहहरु (चौकुने गापा, वनगाड कुपिन्डे नपा, त्रिवेणी गापा (सल्यान), तिला गापा, गुठिचौर गापा, तातोपानी गापा, रास्कोट नपा, तिलागुफा नपा, सान्नित्रिवेणी गापा, नरहरिनाथ गापा, पलाँता गापा, ताँजाकोट गापा, सर्केगाड गापा, चंखेली गापा, अदानचुली गापा र मुड्केचुला गापा) लाई स्वास्थ्य सम्बन्धी उपकरण तथा मेशिनरी औजार खरिदका लागि प्रति स्थानीय तह रु. २ लाख रकम उपलब्ध गराई संचालनको व्यवस्थापन हुँदै ।

## कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मातगहतमा उपलब्ध गराइएको बजेट र खर्च विवरण

### उपलब्ध गराइएको बजेट र खर्च विवरण

कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मार्फत मातहतका कार्यालयहरूमा ८३ करोड ५६ लाख १५ हजार बजेट ब्यवस्थापन गरिएको थियो । मन्त्रालय अन्तर्गतका सम्बन्धित कार्यालय र अस्पतालहरूमा कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि उपलब्ध गराइएको बजेटको विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| कार्यालय | चालु | | पूंजिगत | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | खर्च% |
| सामाजिक विकास मन्त्रालय सुर्खेत | ३७९९४ | २५,१६९ | ८३,६८० | १२५२७ | १२१६७४ | ३७६९६ | ३०.९८ |
| स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत | ५४३८९ | १३,१९३ | ४६००० | १६३४२ | १००३८९ | २९५३५ | २९.४२ |
| प्रदेश अस्पताल, वीरेन्द्रनगर,, सुर्खेत | ५६९६१ | ४६,६७९ | १०८८०० | १०८८०० | १६५७६१ | १५५४७९ | ९३.८० |
| मेहलकुना अस्पताल, गुर्भाकोट, सुर्खेत | १३३९३ | १३,३९० | ८२०० | २९२२.४२ | २१५९३ | १६३१२ | ७५.५४ |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | ४१२२५ | ३८,९१८ | ९५०० | ३७९०.१६ | ५०७२५ | ४२७०८ | ८४.२० |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | ३०९४० | २३,०५५ | ८७०० | ५८७.३६५ | ३९६४० | २३६४२ | ५९.६४ |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | २८३८१ | २०,२४७ | १०४०० | ६८११.२१ | ३८७८१ | २७०५८ | ६९.७७ |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | १५८३९ | १३,६५० | ९०० | ९०० | १६७३९ | १४५५० | ८६.९२ |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | २५४५९ | २०,८५८ | ७४०० | ५१४९.९७ | ३२८५९ | २६००८ | ७९.१५ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ३८८५५ | ३४,३१५ | ७४०० | ५७६२.८२ | ४६२५५ | ४००७८ | ८६.६४ |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | ३६९५३ | ३३,५१० | १७२०० | ९९४९.७४ | ५४१५३ | ४३४६० | ८०.२५ |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | ३१२३९ | ३०,७६२ | ८७०० | १८७९.५७ | ३९९३९ | ३२६४२ | ८१.७३ |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | ४०९८२ | ४०,९८२ | ७७०० | २३०२.९१ | ४८६८२ | ४३२८५ | ८८.९१ |
| जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | ३०३५६ | २०,५७७ | १४०० | १४०० | ३१७५६ | २१९७७ | ६९.२१ |
| प्रदेश आयुर्वेद औषधालय सुर्खेत | ८५३४ | ८,५३० | ३९०० | ३०२९.९२ | १२४३४ | ११५६० | ९२.९७ |
| मानव संसाधन विकास केन्द्र, सुर्खेत | ७७०० | २,७६५ | ६६०० | २०८१.२७ | १४३०० | ४८४७ | ३३.८९ |
| **जम्मा** | **४९९२००** | **३८६६००** | **३३६४८०** | **१८४२३६** | **८३५६८०** | **५७०८३६** | **६८.३१** |

स्रोतः मन्त्रालयको अभिलेख

सामाजिक विकास मन्त्रालयबाट कोभिड-१९ प्रतिकार्य तथा ब्यवस्थापनको लागि विभिन्न स्थानीय तहहरूमा जम्मा १३ करोड ७७ लाख २० हजार बजेट उपलब्ध गराइएको थियो । यस सम्बन्धी विस्तृत विवरण यसप्रकार रहेको छ ।

| स्थानीय तह | जिल्ला | बजेट रू. हजारमा |
|---|---|---|
| पञ्चपुरी | सुर्खेत | ७५०० |
| चौकुने | सुर्खेत | २६७० |
| दुल्लु | दैलेख | ५५०० |
| ठाँटिकाँध | दैलेख | १००० |
| आठबिस | दैलेख | ६००० |
| आठबिसकोट | रूकुम पश्चिम | २५०० |

| स्थानीय तह | जिल्ला | बजेट रू. हजारमा |
|---|---|---|
| चौरजहारी | रूकुम पश्चिम | १५००० |
| छेडागाड | जाजरकोट | २५०० |
| नलगाड | जाजरकोट | ५०० |
| त्रिवेणी | सल्यान | ११७० |
| बनगाड | सल्यान | २६७० |
| कपुरकोट | सल्यान | ५००० |

| स्थानीय तह | जिल्ला | बजेट रू. हजारमा |
|---|---|---|
| दार्मा | सल्यान | ५५०० |
| बागचौर | सल्यान | १५०० |
| डोल्पोबुद्ध | डोल्पा | ४००० |
| मुडकेचुला | डोल्पा | ३१७० |
| पचालझरना | कालिकोट | ८५०० |
| रासकोट | कालिकोट | २६७० |
| सान्नीत्रिवेणी | कालिकोट | ११७० |
| तिलागुफा | कालिकोट | ३१७० |
| नरहरीनाथ | कालिकोट | २१७० |
| पलाता | कालिकोट | २१७० |
| तिला जुम्ला | जुम्ला | २६७० |
| सिंजा | जुम्ला | ७००० |

| स्थानीय तह | जिल्ला | बजेट रू. हजारमा |
|---|---|---|
| गुठिचौर | जुम्ला | ११७० |
| तातोपानी | जुम्ला | ११७० |
| खत्याड | मुगु | १०५०० |
| मुगुमकार्मारोङ | मुगु | २५०० |
| ताँजाकोट | हुम्ला | ५१७० |
| सर्केगाड | हुम्ला | ४६७० |
| नाम्खा | हुम्ला | २५०० |
| चंखेली | हुम्ला | ४१७० |
| अदानचुली | हुम्ला | ३६७० |
| वीरेन्द्रनगर | सुर्खेत | ६५०० |
| **कूल जम्मा** | | **१३७७२०** |

स्रोतः मन्त्रालयको अभिलेख

## कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि आपूर्ति गरिएको सामाग्री विवरण

कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय स्वास्थ्य आपूर्ति ब्यवस्थापन शाखा, नेपालगञ्जबाट विभिन्न सामाग्रीहरू वितरण भएको थियो जसलाइ निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ-

| सामग्रीको नाम | जिल्ला अनुसार वितरण | | | | | | | | | | | | | जम्मा वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दैलेख | डोल्पा | हुम्ला | जाजरकोट | जुम्ला | कालिकोट | मुगु | रुकुमपश्चिम | सल्यान | सुर्खेत | प्रदेश अस्पताल | कर्णाली स्वा.वि.प्र. | अन्य | |
| Antigen Kit covid-19 | १७६०० | २४७५ | २५५० | ११९२५ | ७२०० | ९१७५ | ३७०० | ९७७५ | १५६५० | २४०७५ | ९७५० | ० | १०७५ | ११४९५० |
| Biochlor Disinfectant 10ml Sachet (Sodium Hypochlorite) | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Biohazard bag (COVID 19) | ६०५० | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | ६००० | ६००० | ८०० | ८५० | २७५० | ४३४५० |
| Bipap Machine | १ | ० | ० | १ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ४ |
| Dead Body Bag | ४ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | १० | १० | ० | ० | ४८ |
| Disposable Cap (COVID 19) | ५०० | १५० | १५० | १५० | १५० | १५० | १८० | १५० | २०० | २०० | ३०० | ६०० | १३७० | ४२५० |
| Disposable Gown (COVID-19) | ४३०० | १५०० | १५५० | २३९५ | १५०० | १५०० | १५०० | १५०० | ३५०० | ३५०० | ४००० | ४८०० | १२३५५ | ४३९०० |
| Disposable protective clothing (Cover all) | ७०० | ३०० | ३०० | ३०० | ५७५ | ३०० | ५०० | ३०० | ४०० | ४५० | १५० | ३५० | ६७५ | ५३०० |

| सामग्रीको नाम | जिल्ला अनुसार वितरण | | | | | | | | | | | | | जम्मा वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दैलेख | डोल्पा | हुम्ला | जाजरकोट | जुम्ला | कालिकोट | मुगु | रुकुमपश्चिम | सल्यान | सुर्खेत | प्रदेश अस्पताल | कर्णाली स्वा.वि.प्र. | अन्य | |
| Examination (loose) Gloves COVID-19 | १७५०० | २००० | २००० | ११५०० | ९५०० | ९५०० | १२००० | २००० | ११५०० | १०००० | २००० | ३००० | ६००० | ९८५०० |
| Face Mask (COVID 19) | ८०० | २०० | २०० | २०० | ११६० | २०० | २०० | २०० | ३०० | ३०० | २५०० | ३५०० | ७५४० | १७३०० |
| Face Shield (COVID 19) | २०५० | १०० | १०० | १६५० | १६०० | १५०० | १७०० | २०० | ११५० | ६५० | ३०० | ३०० | ७३० | १२०३० |
| Face Shields/Visor | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Goggles polycarbonate (Reusable) | ४०० | १०० | १०० | १०० | २०० | १०० | ३०० | १०० | २०० | २०० | १०० | ३०० | ७०० | २९०० |
| Gown for reusable (COVID-19) | ० | ० | ० | ० | ० | ० | ० | ० | ५०० | ० | ० | ० | ० | ५०० |
| Gown Set (COVID-19) | ३१०० | ० | ० | २२१० | ११७५ | १००० | १९१० | १२०० | १००० | १६०० | ५०० | ० | १२२६ | १४९२१ |
| Gum Boot (COVID-19) | ४९२ | ४०० | १०५ | ५७१ | ६६२ | ४४८ | ५६० | ३९६ | ५४४ | ४२४ | ६० | ४० | १९१ | ४८९३ |
| Hand Sanitizer 500 ml | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | ४ | ७ | २० | ० | ० | ९ | ९६ |
| Hand Sanitizer 1000 ML | ५० | ० | ० | ७५ | ५० | ५० | ५० | ० | ५० | ५ | ० | ० | ५ | ३३५ |
| Infrared Thermometer Piece COVID-19 | ४० | ६० | ३० | ३० | ३० | ३० | ३० | ३० | ४० | ४५ | ५ | ५ | १५ | ३९० |
| Mask (COVID-19) | ५२१२० | २६६० | २९६० | ६५६२० | ४८६६० | ४९६२० | ४४५०० | ९६२० | ४०६२० | २२७२० | ० | ० | २३७४० | ३६२८४० |
| N95 Mask (COVID-19) | ६५१० | १६० | ६० | ५१६० | ५७६० | ५१६० | ६४८० | ३६० | ३१६० | १६० | ० | ० | २१३ | ३३१८३ |
| Real Time RT-PCR Kits for SARS Cov-2(COVID-19) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १००० | ० | ० | १००० |
| RNA extraction Kit (COVID-19) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १०५६ | ० | ० | १०५६ |
| Safety Goggles (COVID-19) | ३०० | ० | ० | २०० | ० | ० | ० | ३०० | ० | ० | १०० | ० | २८५ | ११८५ |
| Shoe Cover (COVID 19) | २६०० | १२०० | १२०० | १२२० | १५६० | १२०० | १५२० | १३०० | २८०० | १८०० | ११०० | १८०० | ४५७० | २३८७० |
| Surgical Cap | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Surgical Gloves COVID-19 | ५०० | ० | २००० | १०५० | ५०० | ५०० | १००० | ५०० | ० | १००० | ० | ० | ११०१ | ८१५१ |
| Surgical Mask (COVID 19) | ११००० | ५३०० | ६००० | ५००० | ५५०० | ५५०० | १४४०० | ५००० | ९५०० | ११५०० | ० | २५०० | ८३०० | ८९५०० |
| T piece | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Viral Transport Medium (VTM) - COVID-19 | ८०० | ० | ० | ० | ६०० | ० | ८०० | ३०० | ७०० | ६०० | ० | ० | ९८५० | १३६५० |
| Xpress SARS-Co-V-2 Kit | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३०० | ० | ० | ३०० |

स्रोतः स्वास्थ्य आपूर्ति शाखा, नेपालगञ्ज

त्यसैगरी सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतबाट कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि जन/स्वास्थ्य सेवा कार्यालयहरू, अस्पतालहरू, प्रयोगशालाहरू, स्वास्थ्य विज्ञान प्रतिष्ठान, आयुर्वेद औषधालय, स्थानिय तहहरू, कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय/कार्यालयहरू, नेपाल प्रहरी, नेपाली सेना एवं विभिन्न संघसंस्थाहरूलाई विभिन्न सामाग्रीहरू वितरण भएको थियो जसलाइ निम्न अनुसार तालिमा संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ-

| सामग्री | एकाई | जम्मा वितरण | | सामग्री | एकाई | जम्मा वितरण |
|---|---|---|---|---|---|---|
| PPE set | वटा | १२४२ | | RDT kit | वटा | २४०० |
| Gaun | वटा | २३५० | | Health kit | वटा | ९२३ |
| N95 mask | वटा | ३५२ | | body bag | वटा | ७९ |
| surgical mask | वटा | ७३८५० | | goggles | वटा | ८०६ |
| loose gloves | वटा | ४०६०० | | shoes cover | वटा | १९१० |
| ventiletar set | वटा | २ | | cap | वटा | १२४० |
| VTM | वटा | १९८७० | | TENT | वटा | ० |
| sanitizer bottle | वटा | ४११ | | gumboot | वटा | २३२ |
| IR thermometer | वटा | १३९ | | digital thermoter | वटा | ६ |
| sodiyam hydro | वटा | ४७ | | puls oxmiter | वटा | ७ |
| spray tank | वटा | १ | | Llin mosquito | वटा | २३० |
| Anti gen kit | वटा | १०७७५ | | hyginkit | वटा | २१९ |
| pcr kit | वटा | ३२३६० | | Blanket | वटा | ४४ |
| RNA kit | वटा | २६८०० | | face shield | वटा | ३८७ |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

### कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि विभिन्न साझेदार संस्थाहरूबाट प्राप्त भएको र खरिद भएको सामाग्रीहरूको वितरण अवस्था

विभिन्न साझेदार संघसंस्थाहरूबाट कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि प्राप्त भएका सामग्रीहरूको विवरण यस प्रकार रहेको छ ।

| समाग्री दिने संस्था | युनिसेफ | सेभ द चिल्डेन | SSBH | MERCy Corps nepal | Water aid nepal | हेन्डी क्याप | धुलिखेल अस्पताल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| PPE set | ० | ० | | | | १५४ | | १५४ |
| Gaun dispogibal | ० | ३४६ | | | | | २०० | ५४६ |
| N95 mask | ० | ० | | | | | | ० |
| surgical mask | ० | ० | | २०००० | १२००० | ११५५० | | ४३५५० |
| loose gloves | ० | ० | | | ५० | ११५५० | | ११६०० |
| Disinfecanzer500ml | ० | ० | | | | १२ | | १२ |
| pcr kit | ० | ० | | | | | | ० |
| Antigen kit | ० | ० | | | | | | ० |

| समाग्री दिने संस्था | युनिसेफ | सेभ द चिल्डेन | SSBH | MERCy Corps nepal | Water aid nepal | हेन्डी क्याप | धुलिखेल अस्पताल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| RNA kit | ० | ० | | | | | | ० |
| hygiene kit | ५४८ | ० | | | | | | ५४८ |
| sanitizer bottle | ० | ० | | ५० | ७० | ८० | १०८ | ३०८ |
| llin mosquito | ० | ० | | ५०० | | | | ५०० |
| IR thermometer | १००० | १३ | | | | | | १०१३ |
| Blanket | २०० | ० | | | | | | २०० |
| face shild | ० | ० | | ५०० | ५०० | | | १००० |
| Utility gloves | ० | ० | | | | | | ० |
| body bag | ० | ० | ५० | | | | | ५० |
| health kit | ५०८ | ० | | | | ० | | ५०८ |
| shoe cover | ० | ० | | | २०० | | | २०० |
| gum boot | ० | ० | | | | | | ० |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

## २०७८ असार मसान्त सम्मको कोभिड-१९ को अध्यावधिक अवस्था

२०७८ असार मसान्त सम्ममा कर्णाली प्रदेशका जिल्लागत जम्मा कोभिड- १९ परीक्षण संख्या, जम्मा संक्रमित संख्या, जम्मा डिस्चार्ज संख्या, जम्मा मृत्यु संख्या, जम्मा आईसोलेसनमा रहेका संख्या, जम्मा आइसोलेसन बेड संख्या र भेन्टिलेटर संख्या निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ ।

| जिल्ला | जम्मा परीक्षण संख्या | जम्मा संक्रमित संख्या | संक्रमण दर (प्रतिशत) | डिस्चार्ज संख्या | जम्मा मृत्यु संख्या | मृत्युदर | आईसोलेसनमा रहेका संख्या | आईसोलेसन बेड संख्या | भेन्टीलेटर संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| डोल्पा | ३६२६ | ३१६ | ८.७१ | ३१५ | ५ | १.५८ | ७ | ११० | १ |
| मुगु | ६१२० | ८६५ | १४.१३ | ६०९ | ३ | ०.३५ | १०४ | ४५ | १ |
| हुम्ला | ४३१५ | ३८९ | ९.०२ | ३५० | ४ | १.०३ | २८ | ५० | २ |
| जुम्ला | १६४६१ | १२६९ | ७.७१ | १२६० | ११ | ०.८७ | ७१ | ४३० | १५ |
| कालिकोट | ९८९४ | १९५३ | १९.७४ | १५४३ | ५ | ०.२६ | ४४ | २७५ | ४ |
| दैलेख | १७६३८ | ३८४१ | २१.७८ | ३३५८ | २४ | ०.६२ | ५१ | २२५ | २ |
| जाजरकोट | १११८३ | १८१३ | १६.२१ | १८०९ | ३ | ०.१७ | ५२ | ९१ | १ |
| रूकुमपश्चिम | १६८१३ | २७९२ | १६.६१ | २४४७ | ३२ | १.१५ | १२६ | १७४ | १ |
| सल्यान | १२७६२ | ३०७१ | २४.०६ | २५११ | ५२ | १.६९ | १०० | ५६ | २ |
| सुर्खेत | ५१३८८ | १२०५६ | २३.४६ | ११७६१ | २०१ | १.६७ | १९७ | ६८८ | १० |
| अन्य प्रदेश | - | ९३३ | - | ० | ४ | ०.४३ | ० | ० | ० |
| **जम्मा** | **१५०२००** | **२९२९८** | **१९.५१** | **२७०३३** | **३४४** | **१.१७** | **७८०** | **२१४४** | **३९** |

स्रोतः सा.वि. मन्त्रालय, स्वा.से.नि.

जिल्ला अनुसार कोभिड-१९ संक्रमित भएका जम्मा संख्या तलको नक्सामा समेत देखाइएको छ । कर्णाली प्रदेशमा आ.व. २०७८ असार मसान्त सम्ममा संक्रमित भएका जम्मा संख्या २९२९८ छ भने सवैभन्दा बढी सुर्खेत जिल्लामा १२०५६ र भने सवभन्दा कम डोल्पामा ३१५ देखिन्छ ।त्यसैगरी

संक्रमणदर सबैभन्दा बढी सल्यानमा २४.०६ प्रतिशत र सबैभन्दा कम जुम्लामा ७.७१ प्रतिशत छ ।प्रदेशको समग्र संक्रमण दर १९.५१ प्रतिशत रहेको देखिन्छ ।




स्रोतः मन्त्रालयको अभिलेख

जिल्ला अनुसार कोभिड-१९ संक्रमणबाट भएको मृत्युदर तलको बारचित्रबाट देखाइएको छ । सबैभन्दा बढी मृत्युदर सल्यान जिल्लामा १.६९ प्रतिशत देखिन्छ र भने सबभन्दा कम जाजरकोट जिल्लामा ०.१७ प्रतिशत देखिन्छ । प्रदेशको मृत्युदर १.१७ प्रतिशत रहेको देखिन्छ ।



स्रोतः मन्त्रालयको अभिलेख

कर्णाली प्रदेशमा आ.व. २०७७।७८ मा महिना अनुसार नयाँ कोभिड-१९ संक्रमित संख्या, महिना अनुसार कूल कोभिड-१९ संक्रमित संख्या महिना कोभिड-१९ बाट मृत्यु संख्या निम्न अनुसार चित्रहरूमा देखाइएको छ ।




स्रोतः मन्त्रालयको अभिलेख

सबभन्दा बढी नयाँ संक्रमित ज्येष्ठ महिनामा ११०९९ र सबभन्दा कम नयाँ संक्रमित संख्या फाल्गुण महिनामा ३१ देखिएको छ ।




स्रोतः मन्त्रालयको अभिलेख

श्रावणमा २०६७ र असार मसान्तसम्ममा कोभिड-१९ बाट जम्मा संक्रमित संख्या २९२९८ देखिएको छ । त्यसैगरी कोभिड-१९ बाट ज्येष्ठ महिनामा सबैभन्दा बढी १५७ जनाको मृत्यु भएको देखिन्छ भने श्रावण, भाद्र, फाल्गुण र चैत्रमा मृत्य संख्या शुन्य रहेको देखिन्छ ।




## आ.व. २०७६।७७ मा भएका मुख्य कार्यहरू

आर्थिक वर्ष २०७६।७७ मा सम्पादन भएका प्रमुख कार्यहरू

### १. स्वास्थ्य

- कोभिड व्यवस्थापन अन्तर्गत १०५०२०० को कोभिड-१९ परिक्षण, Quarantine, Isolation व्यवस्थापन, शव व्यवस्थापन,एम्बुलेन्स व्यवस्थापन, कन्टयाक्ट ट्रेसिंग
- नयाँ स्वास्थ्यकर्मीहरुका लागि यस निर्देशनालयबाट ४ दिने खोप, कोल्डचेन र ए.इ.एफ.आई सर्भिलेन्स सम्बन्धी तालिम संचालन
- कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पामा गर्भवती तथा सुत्केरी महिला तथा ६ देखि २३ महिना सम्मका बालबालिकाहरुको लागि पोषिलो पीठो ७५८ मे. टन खरीद तथा वितरण
- जिल्ला तथा सव स्टोरहरुमा कार्यरत कर्मचारीहरुलाई EVM तालिम संचालन
- ६० वटा स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरुलाइ खोप तालिम सहजिकरण
- ५७ वटा स्थानीय तहमा माईक्रोप्लानिंगमा सहजिकरण
- अस्पताल औजार उपकरण ब्यवस्थापन
- भौतिक पूर्वाधार निर्माण कार्य
- पि.सि.आर. प्रयोगशाला संचालन
- कोरोना बिशेष अस्पताल संचालन
- प्रदेश अन्तरगतका अस्पतालहरुमा OCMC,सामाजिक सुरक्षा कार्यक्रमका बारेमा लागातार समन्वय तथा सहजीकरण
- क्षयरोग निदान माइक्रोस्कोपिकका लागि प्रदेश स्तरबाट आवश्यक रिएजेन्ट, कन्जुमेबल्स खरिद गरिएको, प्रदेश गुणस्तर नियन्त्रण प्रयोगशालाको संचालन
- जिन एक्सपर्ट सेन्टर एवं अस्पताल तथा प्रास्वाके सम्म एमडिआर सेन्टर स्थापना गर्न आवश्यक सुदृढीकरण अनुगमन मूल्यांकन तथा प्रविधिक सहयोग

- प्रयोगशाला कर्मचारीहरुका लागि क्षयरोग निदानका लागि आधारभूत जेड.एन माइक्रोस्कोपी तालिम संचालन
- आवधिक रुपमा कुष्ठरोगको औषधी आपूर्ति तथा ढुवानी, औषधि सम्वन्धि गुणस्तर नियन्त्रण तथा प्रविधिक जाँच
- विश्व कुष्ठरोग दिवस तथा अपांगता दिवस को अवसरमा पत्रकार अन्तरक्रिया, वि्द्यालय स्वास्थ्य शिक्षा एवं सन्देश प्रसारण गरिएको
- एड्स तथा यौन रोग सम्बन्धि तथा एच आई भी संक्रमितहरुकालागि अवसरवादी संक्रमणको उपचारको लागि औषधि खरीद
- सुर्खेतको बराहतालमा लेकवेशीमा एकिकृत भेक्टर सर्भिलेन्स, कालिकोट , हुम्ला र मुगुमा गर्भवती महिलाहरुको लागि झुल वितरण
- नसर्ने रोगको रोकथाम कार्यक्रम संचालन को लागि सामाग्री उत्पादन तथा उपकरण खरीद ।
- कालिकोट र औलो तथा कालाजार को महामारी तथा बीरेन्द्रनगरमा डेंगु ज्वरोको नियन्त्रण रोकथाम कार्यक्रम
- स्थानिय तहका स्वास्थ्य संयोजक सह संयोजकहरुलाई योजना तर्जुमा संम्बन्धि क्षमता अभिबृद्धि तालिम संचालन ।
- यस प्रदेशका पालिकामा रहेका सल्यान जाजरकोट रुकुम पश्चिमका सबै स्वास्थ्य चौकी स्तर सम्म स्वास्थ्य कर्मीहरुलाई DHIS-2 संचालन
- सबै पालिकाहरुबाट इ एल एम आइ इस , ई टि वी रेकर्डिंग रिपोर्टिंग शुरुवात
- तथ्यांक गुणस्तर सुधारका लागि स्थलगत मेन्टोरिंग, SMS feedback तथा भर्च्युयल माध्यमबाट छलफल
- आयुर्वेदको तथ्यांक AHMIS प्रविष्ट कार्य शुरुआत
- २७ वटा स्थानीय तहमा आयुर्वेद औषाधालय नभएको स्थानमा नागरिक आरोग्य केन्द्र स्थापना । ९०४ जना आयुर्वेद शिविरबाट लाभान्वित
- कोभिड १९ विरुद्धको खोप अभियान संचालन हाल सम्म १०८४८६ जनाले कोभिशिल्डको र भेरोसेल को २६४९५ जना समेत **१३४९८१** जनाले पहिलोमात्रा तथा २५८१६ जना कोभिशिल्ड तथा १८२८१ जना भेरोसेल समेत जम्मा **४४०९७** जनाले खोप लगाएका
- समुदायमा कोभिड १९ रोग पहिचान गर्नका लागी एन्टिजेन टेष्टको अभिमुखीकरण गरी दुल्लु र विरेन्द्रनगर नगरपालिकामा समुदाय तहमा पहिलो पटक व्यापक रुपमा सर्भिलेन्स गरिएको । सबै पालिकामा एन्टिजेन जाँचको उपधलव्धता
- कोभिड — १९ अन्तर्गत रोकथाम, नियन्त्रणमा आवश्यकीय व्यवस्थापन र समन्वय जस्तै औषधि, जनशक्ति व्यवस्थापन , अक्सिजन व्यवस्थापन, उपकरण खरिद तथा वितरण, आइसोलेन क्वारेन्टाईन HDU व्यवस्थापन, CICT परिचालन तथा प्रेषण प्रणाली सुदृढिकरण

- कोभिड-१९ रोकथामका निम्ति नविनतम सूचना सामाग्री (स्टिकर,पोस्टर,ब्यानर) प्रकाशन
- **स्वास्थ्य सम्बन्धी उपकरण तथा मेशिनरी औजारः** विभिन्न १६ वटा स्थानीय तहहरु (चौकुने गापा, वनगाड कुपिन्डे नपा, त्रिवेणी गापा (सल्यान), तिला गापा, गुठिचौर गापा, तातोपानी गापा, रास्कोट नपा, तिलागुफा नपा, सान्नित्रिवेणी गापा, नरहरिनाथ गापा, पलाँता गापा, ताँजाकोट गापा, सर्केगाड गापा, चंखेली गापा, अदानचुली गापा र मुड्केचुला गापा) लाई स्वास्थ्य सम्बन्धी उपकरण तथा मेशिनरी औजार खरिदका लागि प्रति स्थानीय तह रु. २ लाख रकम उपलब्ध गराई संचालनको व्यवस्थापन हुँदै ।
- **रणनैतिक स्थानहरुमा स्वास्थ्य सामग्री ढुवानी तथा स्वास्थ्यकर्मी परिचालनः** विभिन्न १० वटा स्थानीय तहहरु (पन्चपुरी नपा, चौकुने गापा, ठाँटिकाँध गापा, छेडागाड नपा, दार्मा गापा, सिंजा गापा, ताँजाकोट गापा, सर्केगाड गापा, चंखेली गापा र मुड्केचुला गापा) मा रणनैतिक स्थानहरुमा स्वास्थ्य सामग्री ढुवानी तथा स्वास्थ्यकर्मी परिचालन (हवाई मार्ग समेत) डोल्पा र हुम्लामा एम्बुलेन्स ढुवानी समेतका लागि प्रति स्थानीय तह रु. ५ लाख देखि १० लाख रकम उपलब्ध गराई व्यवस्थापन भएको ।
- मन्त्रालयको वार्षिक कार्यक्रमबाट सुर्खेत आँखा अस्पताललाई रु. ४० लाखको औजार उपकरण खरिद गरी सहयोग गरिएको । त्यसबाट जलविन्दु र पर्दा संग सम्बन्धित समस्या निदान र मोतीविन्दुको शल्यक्रिया सेवा थप सुदृढ भएको ।
- जिल्ला अस्पतालहरुमा आँखा इकाई थप भएको ।
- आँखा अस्पतालको सहयोगमा प्रदेशमा अन्धोपनको अवस्था बारे सर्वेक्षण भएको ।
- अध्ययन अनुसन्धानः कोभिड-१९ बिरामीहरुमा उदासी र नैरास्यता बारे अध्ययन भई सो article अन्तर्राष्ट्रिय ख्यातिप्राप्त journal Plos One मा प्रकाशन भएको ।
- स्वास्थ्य सेवा कार्यालयहरुमा बजेट व्यवस्था भई अक्सिजन मिनिप्लान्ट, प्लान्ट र कन्सन्ट्रेटरको व्यवस्थापन हुँदै ।
- प्रदेश अस्पतालसंगको सहकार्यमा Telemedicine तथा Celemedicineसेवा संचालन भएको ।
- **जनशक्ति व्यवस्थापनः** कोभिड-१९ रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई लक्षित गरी कर्णाली प्रदेशको स्वीकृत दरबन्दीमा स्वास्थ्यकर्मीहरु करिब दुई तिहाई रिक्त रहेको सन्दर्भमा चालु आ.व. २०७७/७८ मा अत्यावश्यक जनशक्ति व्यवस्थापनको लागि करार सेवामा सामुदायिक नर्स १७६ जना, कोभिड स्वास्थ्यकर्मी ५८ जना र दरबन्दी करार तर्फ चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी १८३ जना परिचालन गरिएको ।
- **क्षमता अभिवृद्धिः** दुई ब्याचमा चिकित्सक तथा नर्सहरुलाई अत्यावश्यक सघन उपचार सम्बन्धी तालिम प्रदान गरिएको । पाँच ब्याचमा स्वास्थ्यकर्मीहरुलाई मनोसामाजिक परामर्श तथा तनाव व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको ।
- मन्त्रालयको वार्षिक बजेटबाट रु. ५ लाख रकमबाट हेमोफिलियाको औषधि खरिद भई वितरण भएको ।

- अस्पतालका बिभिन्न विभागहरुमा बिशेषज्ञ चिकित्सक थप भइ सेवा विस्तार
- कोरोना संक्रमणको समयमा ओ.पि.डि. सेवा केहि समय बन्द रहेको र अन्य सेवाहरु यथावत संचालन गरिएको
- कोरोना संक्रमण नियन्त्रण तथा उपचारका लागि बिभिन्न जिल्लामा चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन
- बिभिन्न संघ संस्थाहरु संग समन्वय गरि कोरोना उपचारका लागि आइ.सि.यु. बेड, भेन्टिलेटर, लगायत उपकरण सामाग्री सहयोग ।
- कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम कार्यान्वयन, ३० हजार बढीलाइ सुत्केरीलाइ पोषण कोषेली भत्ता वितरण
- क्यान्सर रोगीहरूलाइ रू १० हजारका दरले यातायात खर्च वितरण
- एचआइभी संक्रमितहरूलाइ पोषण भत्ता उपलब्ध गराइएको
- स्वास्थ्य विधेयक तयारी
- प्रदेश अस्पतालमा ३०० शैयाको लागि पूर्वाधार विकास, जिल्ला स्तरका अस्पतालहरू ५० शैयाको लागि भौतिक ब्यवस्था हुनेगरी स्रोतसाधनको ब्यवस्था
- ६६ वटा सामुदायिक स्वास्थ्य एकाइहरूको सञ्चालन, बर्थिङ सेन्टर पुर्वाधार सहयोग
- ७९ वटै स्थानीय तह र ३०० भन्दा बढी स्वास्थ्य संस्थाबाट अनलाइन स्वास्थ्य सूचना ब्यवस्थापन सञ्चालन । अस्पतालहरूमा विद्धुतीय अभिलेख प्रणालीको शुरूवात गर्ने प्रकृया शुरू भएको ।
- प्रदेशका ४३४१ महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाइ प्रभावकारी बनाउन थप मौद्रिक प्रोत्साहन ब्यवस्था कार्यान्वयन
- प्रदेश आयुर्वेद औषधालयमा रूरल फार्मेसीबाट २८ प्रकारका आयुर्वेदिक औषधिहरूको उत्पादन
- विशेषज्ञ स्वास्थ्य सेवा विस्तार र स्वास्थ्य शिविरहरूको सञ्चालन
- जटिल प्रसुती अवस्थामा मातृ तथा शिशुहरूको उद्धार गरी मातृ तथा नवजातशिशु मृत्यु घटाउने प्रयास
- स्वास्थ्य सेवाको कम पहुंच भएका दुर्गम स्थानहरूमा कोभिड-१९ ब्यवस्थापनको लागि सामुदायिक नर्स परिचालन
- प्रदेश अन्तर्गतका अस्पतालहरूमा चिकित्सक लगायत अन्य अत्यावश्यक स्वास्थ्यकर्मीहरूको ब्यवस्थापन
- रोगको आउटब्रेकको अवस्थामा प्रभावकारी ब्यवस्थापन गरी संक्रमण नियन्त्रण
- कोरोना नियन्त्रण तथा प्रतिकार्यका लागि हेल्थ डेस्क तयारी, जनशक्ति परिचालन, औषधि उपकरण लगायतका सामाग्रीको आपूर्ति
- कोरोना नियन्त्रण तथा प्रतिकार्यका लागि बजेट परिचालन मार्फत अस्पतालहरू को सुदृढीकरण
- स्थानीय तहहरूलाइ कोरोना नियन्त्रण तथा प्रतिकार्यका लागि सहयोग र समन्वय
- टेलिमेडिसिन सेवाको शुरूवात
- विभिन्न जिल्लामा COFP Counseling Training सञ्चालन

- Implant Training, SBA training, CAC training , MLP training, GBV training, ASRH training सञ्चालन
- कर्णाली प्रदेश अन्तर्गत रहेका स्वास्थ्यकर्मिहरुलाई बृहत पोषण प्याकेज सम्बन्धी TOT तालिम
- मानसिक तथा मनोसामाजिक अभिमूखिकरण कार्यक्रम
- स्वस्थ जीवनशैली तथा स्वस्थ बानी व्यहोरा सम्बन्धी अभिमूखिकरण तालिम
- 
- नोवैज्ञानिक प्राथमिक सल्लाह गोष्ठी सञ्चालन
- आयुर्वेद विशेषज्ञ स्वास्थ्य सेवा मार्फत अहिलेको आकश्मिक अवस्थामा घरदैलोमा नै स्वास्थ्य सेवा प्रदान
- मानसिक स्वास्थ्यको व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरूलाई तालिम,

२.शिक्षा तथा खेलकूद

- शिक्षा नीति, शिक्षा विधेयक तयारी
- विद्यालयहरूको भवन निर्माण तथा भौतिक पूर्वाधार सुधार
- छोरी बुहारी, प्राविधिक उच्चशिक्षा, जेहेन्दार उच्चशिक्षा, दलित उच्चशिक्षा, अपांग उच्चशिक्षा, प्रदेश स्थापना शहिद उच्चशिक्षा छात्रबृत्तिको ब्यवस्थापन र कार्यान्वयन
- कर्णाली प्रदेशका खेलाडीहरूलाइ सम्मान तथा प्रोत्साहन
- शैक्षिक क्लस्टरको बिपद प्रतिकार्य योजना
- खेलकूद ऐन तयार भइ नियमावली बन्ने क्रममा रहेको
- खेलकुद सम्बन्धी पूर्वाधार निर्माण
- स्वयंसेवक परिचालन ऐन जारी र कार्यविधि को तयारी
- एस.इ.इ.को मुल प्रमाणपत्रको प्रतिलिपि उपलव्ध गराइएको र मार्कसिटको प्रतिलिप उपलव्ध गराइएको ।
- प्रमाणपत्र संसोधन गरिएको, माइग्रेसन प्रमाण पत्र उपलव्ध गराइएको
- कम्प्युटर सीप विकास तालिम सञ्चालन
- वार्षिक कार्यक्रम अभिमुखिकरण तथा तालिम सञ्चालन कार्ययोजना निर्माणका लागि गोष्ठी सञ्चालन
- इजिआरपी प्रशिक्षक प्रशिक्षण तथा टिपिडि प्रशिक्षक क्षमता विकास तालिम सञ्चालन
- स्थानीय पाठ्यक्रम विकासका लागि क्षमता विकास तालिम सञ्चालन
- प्रधान अध्यापकहरूलाइ व्यवस्थापन तालिम सञ्चालन
- शिक्षक सेवा आयोगबाट सिफारिस भै पदस्थापन भएका नवप्रवेशी शिक्षकहरुको सेवाप्रवेश तालिम सञ्चालन
- माध्यमिक तहमा अग्रेजी र विज्ञान विषयको शिक्षकको पेशागत विकास तालिम सञ्चालन
- आधारभुत तह ६ ८ को अग्रेजी गणित र नेपाली विषयको शिक्षकको पेशागत विकास तालिम सञ्चालन
- विद्यालय शिक्षकहरुको लागि आइसिटि तालिम सञ्चालन

- सुर्खेत दैलेख  जाजरकोट र हुम्लामा विद्यालयको लेखा व्यवस्थापन तालिम सञ्चालन
- टिपिडि तालिम पूरा गरेका शिक्षकहरुको नतिजा प्रकाशन तथा प्रमाणीकरण
- तालिम प्राप्त शिक्षकहरुलाइ प्रमाणपत्र वितरण
- मानव संसाधन विकास केन्द्रको सञ्चालन कार्यविधि तथा दिर्घकालिन सोच पत्रको मस्यौदा तयारी
- मानव संसाधन विकास केन्द्रको भौतिक संरचनाको सुधारात्मक कार्य सञ्चालन
- मानव संसाधन विकास केन्द्रको वेभसाइट तथा सुचना प्रणाली विकास

३. सामाजिक विकास

- राउटे समुदायको सामाजिकरण तथा मुलप्रवाहीकरण
- समाजमा  रहेमा सामाजिक बिकृति न्यूनिकरण गर्न सामाजिक अभियान कार्यक्रम सन्चालनका लागि सन्चालन तथा ब्यवथापन
- जोखिममा रहेका बालबालिकाहरुलाई सहयोग
- सडक बालबालिकाहरुको पुनस्थापना कार्यक्रम
- राउटे समुदायको मुलप्रवाहीकरण नितिको मस्यौदा
- बालविवाह न्यूनीकरण सम्बन्धी अभियान संचालन
- बैंकखाता छोरीको सुरक्षा जिवन भरीको कार्यक्रमको सफ्टवयर निर्माण
- मर्यादित महिनावारी प्रबर्द्धन बिषयक अन्तर्कृया कार्यक्रम
- हिंसा प्रभावित, सडक बालबालिका, सहाराबिहिन, सडक मानव तथा ज्येष्ठ नागरिकहरूको सेवा
- लैंगिक हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि ६ जिल्लामा सेफहाउस स्थापना र सञ्चालन
- लैंगिक हिंसा सम्बन्धी विधेयक तयारी
- प्रदेश स्तरमा हिंसा प्रभावितहरूको लागि दीर्घकालिन पुनस्थापन केन्द्र स्थापना र सञ्चालन
- प्रदेश स्तरमा बृद्धाश्रम सञ्चालन ब्यवस्थापन सहयोग र ४ जिल्लामा बृद्ध दिवासेवा केन्द्र सञ्चालन
- बाल संरक्षण प्रणालीको सुदृढीकरण स्रोत सामाग्री प्रकाशन
- समाजमा  रहेमा सामाजिक बिकृति न्यूनिकरण गर्न सामाजिक अभियान कार्यक्रम सन्चालनका लागि सन्चालन तथा ब्यवथापन
- महिला बालबालिका तथा समाजकल्याण सम्बन्धी निति कानुन मापदण्ड निर्माण
- हिंसा प्रभावित ब्यक्तिहरुका लागि प्रदेशस्तरिय दिर्घकालिन / अल्पकालिन आश्रय सहितको पुर्नस्थापना केन्द संचालन सहयोग
- महिला बालबालिकासंग सम्बन्धित बिभिन्न दिबस संचालन
- गैसस/अगैससको प्रोफाइल तयारी
- महिला बालबालिका तथा समाजकल्याण सम्बन्धी निति कानुन मापदण्ड निर्माण
- सेवाकेन्द्रहरुको बार्षिक समिक्षा
- किशोर किशोरीहरूका लागि रूपान्तरण कार्यक्रम सञ्चालन

- संग्रहालयको कम्पाउण्ड वालमा जिर्ण काँडेतार परिवर्तन लगायत ब्यवस्थापनका अन्य कार्यहरू(निर्मित भवनको संरचनात्मक सुधार खर्च)
- संग्रहालयको ग्यालरी कक्षमा टाइल मार्बल लगायतका कार्य(निर्मित भवनको संरचनात्मक सुधार खर्च)
- संग्रहालयको कम्पाउण्डवालमा रंगरोगन लगायतका कार्य(निर्मित भवनको संरचनात्मक सुधार खर्च)
- संग्रहालयको पुस्तकालयका लागि पुस्तक खरिद गर्ने कार्य(पुस्तक पुस्तकालय
- संग्रहालयको ट्रष्ट निमार्ण (कोल, ढिकी, जातो , पानी घट्ट लगायतका समाग्री हरु पर्दशनीको लागि )(अन्य)
- संग्रहालयको कार्यालय परिसरमा सिसि टिभि जडान कार्य(अन्य)

४. श्रम तथा रोजगार

- श्रम तथा रोजगार प्रबर्धन नीति तयारी तथा कार्यान्वयन
- रोजगार ब्यवस्थापन सूचना प्रबर्धन
- सुरक्षित आप्रवासन परामर्श तथा सहायता कक्ष सञ्चालन
- दलित, अपांग तथा बिपन्न वर्गलाइ सीपमूलक तालिम तथा सीपजन्य सामग्री वितरण
- सूचना, सन्देश तथा सचेतनामूलक गतिविधिहरू
- सामाजिक विकास कार्यालयहरुका लागि बजेट बाँडफाँड
- वैदेशिक रोजगार सम्बन्धी आप्रवासन सहायता कक्ष गै.स.स. मार्फत संचालन (जिल्ला प्रशासन कार्यालय, सुर्खेत र सुर्खेत वसपार्कमा)
- श्रमिकका ट्रेडयुनियन तथा रोजगारदाताका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधीहरु वीच समन्वयात्मक बैठक
- सामाजिक सुरक्षा दिवस (मंसिर ११ गते) मा सरोकारवालाहरु विच अन्तर्क्रिया कार्यक्रम
- वैदेशिक रोजगार सम्बन्धी सन्देशमूलक सूचना तथा रेडियो कार्यक्रम एफएम रेडियोहरुबाट प्रसारण
- औद्योगिक श्रम सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न
- प्रदेश श्रम सल्लाहकार परिषद गठन सम्बन्धी निर्देशिका मस्यौदा तयार
- जिल्ला प्रशासन कार्यालय सुर्खेतमा रहेको आप्रवासन सहायता कक्षबाट वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा उपलब्ध गराइएको
- मन्त्रालयमा डिजिटल डिस्प्ले बोर्ड राखि वैदेशिक रोजगारमा जानेहरुका लागि सन्देशमूलक सूचना तथा समसामयिक सन्देशमूलक सूचना प्रवाह गरिएको ।
- सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालयहरु तथा CTEVT बाट संचालित श्रम तथा रोजगार सम्बन्धी कार्यक्रम, छोटो अवधिको तालिम कार्यक्रमको अनुगमन गरिएको ।
- कर्णाली प्रदेशमा कार्यरत स्वमंसेवक संयोजकहरुलाई २ दिने अभिमुखिकरण तालिम
- बेरोजगारहरुको लागि ३ महिने सीप विकास तालिम (कम्प्युटर, सिलाईकटाई, ब्युटिसियन, विद्धुत जडान, प्लम्बिङ)

- रोगारमूलक सीप विकास तालिम तथा उद्यमीहरुको स्तरन्नोती कार्यक्रम (उद्यमशिलता विकास तालिम)
- कर्मचारी क्षमता अभिवृद्धिः चार पाङ्ग्रे सवारी साधन ड्राईभिङ्ग तालिम

## हालसम्मका मुख्य उपलब्धीहरू

स्वास्थ्य

- कोभिड-१९को नियन्त्रण तथा रोकथामका लागी रोगप्रतिरोधात्मक क्षमता बृध्दि गर्ने औषधी वितरण गरिनुका साथै योग तथा जीवनशैली परिवर्तनका कार्यक्रमहरु संचालन गर्दा कोभिड-१९को नियन्त्रण तथा रोकथाम कार्यमा सहयोग पुगेको।
- यस प्रदेश आयुर्बेद औषधालयमा संचालनमा रहेको कोभिड-१९को संक्रमितका लागी उपचारार्थ १५ बेडको आइसोलेसन कक्षबाट हाल सम्म ७२ जना विरामी निको भई घर फर्किएका।
- यस प्रदेश आयुर्बेद औषधालयमा सेवा विस्तार गर्दा (USG,Lab,पंचकर्म,क्षारसुत्र आदि) गत आ.ब. भन्दा यस आ.ब.मा विरामीको उल्लेखिनिय बृध्दि भएको।
- यस प्रदेश आयुर्बेद औषधालयमा रहेको रुरल फार्मेसीमा यस कर्णाली प्रदेशमा पाईने जडिबुटीबाट र अन्यत्रबाट जडिबुटी खरिद गरि अमृत चिया,पिडाहर तेल लगायत १० प्रकारका आयुर्बेद औषधी निर्माण गरी निशुल्क वितरण गरीएको ।
- २३ प्रकारका नियमित औषधिका अतिरीक्त थप १३ प्रकारका औषधि निशुल्क वितरण गर्दा सम्पुर्ण विरामी लाभान्बित भएका।
- आयुर्बेद तथा बैकल्पीक चिकित्साको माध्यमबाट उपचार गरि कोभिड-१९को १५ बेड सहितको आइसोलेसन कक्ष संचालन गर्दा देशकै नमुना आइसोलेसन कक्षको रुपमा चिनिन सफल भएको।
- प्रदेश आयुर्बेद औषधालयको सेवा विस्तार भइ अस्पतालमा रुपान्तरण का लागी आधार तयार भएको ।
- **कोभिड १९ को व्यवस्थापन र विवरण दैनिक रुपमा सम्प्रेषण**
- जनशक्ति व्यवस्थापन भई आकश्मिक तथा नियमित स्वास्थ्य **सेवा सञ्चालन**
- समयमै औषधि उपकरण तथा आपूर्तिजन्य सामग्रीहरूको निरन्तर प्राप्ति, सञ्चय तथा व्यवस्थित वितरण, एच एम आइ फारामको छपाई
- सल्यान,जाजरकोट र रुकुम पश्चिम जिल्लाका सबै स्वास्थ्य संस्था ( स्वास्थ्य चौकी स्तरसम्म) **डि एच आई यस** बाट तथ्यांक प्रबृष्टि गर्ने प्रयोजनको लागि तालिम, **स्थानिय तह संगको साझेदारीमा डि एच आइ एस तालिम संचालन**
- टी.वी. कुष्ठरोग, एच.अई.भी. लगायतका विरामीहरूका लागि औषधिको निरन्तर उपलब्धता,
- **RT-PCR ल्याब** नियमित सञ्चालन,
- **पुर्वाधार निर्माण** (कोभिड १९ को भ्याक्सीन कोल्डरुम , स्टोर, बायोमेडिकल यन्त्रशाला)
- औलो कालाजार को **महामारी**को तत्काल व्यवस्थापन भएको, कालिकोट
- सबै स्थानिय तह सम्म ई टि वि तालिम संचालन तथा

- स्थानीय तहबाटै स्वास्थ्य संस्थामा रहेको औषधीको मौज्दात स्थिती थाहा पाउन **इ.एल.एम.आइ.एस.** मा इन्ट्री गर्ने व्यवस्था ।
- **भर्च्युयल विधिबाट** नियमित रुपमा स्थानियतह तथा जिल्लाहरु लक्षित समीक्षा तथा पृष्ठपोषण
- **आई एम यु** को नियमित रिपोर्टिंग अपडेट तथा सम्वन्धित निकायहरुमा तथ्यांकहरुमा पृष्ठपोषण
- प्रदेश स्वास्थ्य नीति २०७६ निर्माण र कार्यान्वयन
